# प्रमुख नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०६३

मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायको निर्देशिका बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "प्रमुख नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०६३" रहेकोछ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले मतदाता नामावली सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले मतदाता नामावली सम्बन्धी नियमावली, २०६३ सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले निर्वाचन आयोग सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नाले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने क्रममा तत्काल कायम रहेको मतदाता नामावली प्रकाशन गर्ने, त्यसमा नाम समावेश गर्ने, सच्याउने, हटाउने र दावी विरोध गर्ने लगायतका कामहरु गर्नका लागि आयोगले समयावधि किटान गरी नियमावली बमोजिम प्रकाशन गरेको कार्यक्रम सम्झनु पर्छ ।

(ङ) "प्रमुख नाम दर्ता अधिकारी" भन्नाले दफा ४ बमोजिम आयोगले तोकेको अधिकारी सम्झनु पर्छ ।

(छ) "सङ्कलनकर्ता" भन्नाले दफा ८ बमोजिम खटाइएको कर्मचारी सम्झनु पर्छ ।

(ज) "सहयोग समिति" भन्नाले ऐनको दफा ४१ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

## परिच्छेद - २
## निर्देशिकाको उद्देश्य

३. निर्देशिकाको उद्देश्य : स्वच्छ, स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण निर्वाचनको लागि त्रुटि रहित मतदाता नामावली तयार गर्ने गराउने यस निर्देशिकाको मुख्य उद्देश्य हुनेछः-

- मतदाताको नाम र अन्य विवरण त्रुटिरहित रुपमा सङ्कलन गर्ने गराउने,
- मतदाताको नाम तथा अन्य विवरण सङ्कलन गर्दा वा अद्यावधिक गर्दा तोकिएका अनुसूची फाराम सही रुपमा भर्ने भराउने र पूरा गर्नु पर्ने कानूनी प्रक्रिया पूरा गर्ने गराउने,

- मतदाता नामावलीमा मतदाता हुन योग्यता पुगेका व्यक्तिको नाम नछुट्ने र समावेश हुनु नपर्ने व्यक्तिको नाम समावेश नहुने कार्यलाई सहज बनाउने,
- प्रमुख नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकारलाई स्पष्ट पार्ने ।

## परिच्छेद - ३
## प्रमुख नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार

४. प्रमुख नाम दर्ता अधिकारी : (१) नियमावलीको नियम ४ को उपनियम (१) बमोजिम आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्न र सो सम्बन्धमा आवश्यक अन्य सबै काम गर्नका लागि प्रत्येक जिल्लामा जिल्ला निर्वाचन अधिकारीलाई प्रमुख नाम दर्ता अधिकारी तोकेको छ ।

(२) प्रमुख नाम दर्ता अधिकारीको कार्यालय जिल्ला निर्वाचन कार्यालयमा रहनेछ ।

५. प्रमुख नाम दर्ता अधिकारीको मुख्य जिम्मेवारी : (१) प्रमुख नाम दर्ता अधिकारीले आयोगको निर्देशन र समन्वयमा रही सहायक नाम दर्ता अधिकारी र सङ्कलनकर्ताहरुको परिचालन गरी मतदाताको नाम र अन्य विवरण सङ्कलन तथा अद्यावधिक गर्ने कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) प्रमुख नाम दर्ता अधिकारीले राजनैतिक दल, नागरिक समाज, स्थानीय निकाय र जिल्ला स्थित अन्य कार्यालयहरुबाट लिनु पर्ने सहयोगको लागि सहयोग समितिसँग समन्वय गर्नु पर्नेछ ।

६. प्रमुख नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार : प्रमुख नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

- ऐन र नियमावली बमोजिम सहायक नाम दर्ता अधिकारीहरुबाट प्राप्त मतदाता नामावली एकिक्रित गरी प्रकाशन गर्ने,
- विभिन्न कार्यालय, सेना वा प्रहरीका व्यारेक, अस्थायी शिविर (क्यान्टनमेन्ट) र कारागारबाट प्राप्त हुन आएको अस्थायी मतदाता नामावली प्रकाशन गर्ने,
- प्रकाशन गरिएको अन्तिम मतदाता नामावली र अन्तिम अस्थायी मतदाता नामावली आयोग समक्ष पठाउने,
- ऐन र नियमावली बमोजिम सहायक नामदर्ता अधिकारीले गर्नु पर्ने कामको, समन्वय, निरीक्षण र अनुगमन गर्ने,
- मतदाता नामावली तथा अन्य विवरण तयार गर्ने काममा कुनै समस्या उत्पन्न भएमा सोको निराकरण गर्ने,
- मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने काममा संलग्न रही उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई आयोगले तोकेको संख्यामा नबढने गरी पुरस्कारको लागि आयोगमा सिफारिस गर्ने,

- मतदाता नामावली र मतदाताको अन्य विवरण तयार गर्ने काममा संलग्न कर्मचारीले ऐन, नियमावली र यस निर्देशिका विपरीत काम गरेको देखिएमा वा लापरवाही साथ काम गरेमा निज उपर विभागीय कारवाही गर्न आयोग समक्ष लेखी पठाउने,
- मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने काममा संलग्न कर्मचारीको काम कारवाही सम्बन्धमा प्राप्त उजुरीको छानवीन गरी आवश्यक कारवाहीको लागि आयोग समक्ष पठाउने,
- ऐन, नियमावली र यस निर्देशिका बमोजिम सहायक नाम दर्ता अधिकारीले गर्नु पर्ने काम कर्तव्यको सम्बन्धमा निजलाई प्रशिक्षण वा निर्देशन दिने,
- ऐन र नियमावली बमोजिम मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्नको लागि वार्षिक रुपमा योजना तथा कार्यक्रम तयार पारी आयोगमा पठाउने,
- आयोगले तोकेको अन्य काम गर्ने ।

## परिच्छेद - ४
## कार्यक्रम सञ्चालन गर्नु पूर्वको तयारी

७. सहायक नाम दर्ता अधिकारी नियुक्ति गर्ने : (१) प्रमुख नाम दर्ता अधिकारीले आयोगबाट अधिकार प्रत्यायोजन भए बमोजिम मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्न र सो सम्बन्धमा आवश्यक अन्य सबै काम गर्नका लागि प्रत्येक गाउँ विकास समितिमा सो गाउँ विकास समितिका सचिव तथा प्रत्येक नगरपालिकाको वडामा सो वडा कार्यालयका सचिवलाई सहायक नाम दर्ता अधिकारी नियुक्ति गर्नेछ ।

(२) कुनै गाउँ विकास समितिको सचिवको पद रिक्त रहेकोमा जिल्ला विकास समितिको कार्यालयसँग र नगरपालिकाको कुनै वडामा सचिवको पद रिक्त रकेकोमा वा वडा कार्यालय नभएको वडामा नगरपालिका कार्यालयसँग सम्पर्क र समन्वय गरी प्रमुख नाम दर्ता अधिकारीले ती कार्यालयका अन्य उपयुक्त कर्मचारीलाई सहायक नाम दर्ता अधिकारी नियुक्ति गर्नेछ ।

**नामावली सङ्कलन कार्यक्रम प्रारम्भ हुनु पूर्वका कार्यहरु :**

१. सहायक नामदर्ता अधिकारीको नियुक्ति गर्ने ।
२. सङ्कलनकर्ताको नियुक्ति गर्ने ।
३. सुपरीवेक्षकको नियुक्ति गर्ने ।
४. सहयोग समिति, सर्वपक्षिय र सकन्वय समितिको बैठक बोलाउने ।
५. सहायक नाम दर्ता अधिकारीका लागि तालिम सञ्चालन गर्ने ।
६. आवश्यक सामग्री तथा फारामहरुको बन्दोवस्त र वितरण गर्ने ।
७. कार्यक्रम प्रकाशन गर्ने ।

(३) गाउँ विकास समिति वा नगरपालिकामा अन्य कर्मचारी नभएको अवस्थामा अन्य सरकारी कार्यालयका खरिदार स्तरका वा खरिदार स्तरका कर्मचारी समेत उपलब्ध नभएमा ना.सु. स्तरसम्मका कर्मचारीलाई सहायक नाम दर्ता अधिकारी नियुक्ति गर्नेछ ।

(४) यस दफा बमोजिम सहायक नाम दर्ता अधिकारीको नियुक्ति गर्दा वा तोक्दा सम्भव भएसम्म सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका क्षेत्रमा रहेका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

(५) एउटा गाउँ विकास समिति वा नगरपालिका क्षेत्रमा रहेको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई अर्को गाउँ विकास समिति वा नगरपालिकाको कुनै वडाको सहायक नाम दर्ता अधिकारीको रुपमा नियुक्ति गरिएका वा खटाइएकोमा सो को जानकारी आयोगमा पठाउनु पर्नेछ ।

(६) सहायक नाम दर्ता अधिकारीको कार्यालय सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा राख्ने र कुनै नगरपालिकाको वडा कार्यालय नरहेको अवस्थामा नगरपालिकाको कार्यालयमा नै सहायक नाम दर्ता अधिकारीको कार्यालय राख्ने व्यवस्था गर्ने ।

८. सङ्कलनकर्ता खटाउने वा काममा लगाउन सक्ने : (१) प्रमुख नाम दर्ता अधिकारीले आयोगबाट अधिकार प्रत्योजन भए बमोजिम मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्नका लागि सहायक नाम दर्ता अधिकारीलाई सहयोग पुऱ्याउन आयोगले तोकेको संख्यामा नबढ्ने गरी देहायका व्यक्तिलाई सङ्कलनकर्ताका रुपमा खटाउन सक्नेछ :-

- सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा रहेका कम्तीमा मुखिया स्तरका सरकारी, स्थानीय निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारीहरु,
- खण्ड (क) बमोजिमका कर्मचारीहरुले नपुग भएमा जिल्ला स्तरमा गठित सहयोग समितिसंग परामर्श गरी सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकामा रहेका सामुदायिक विद्यालयका शिक्षकहरु,
- खण्ड (ख) बमोजिम समेत संकलनकर्ता नपुग भएमा छिमेकी गा.वि.स.वा न.पा.का खण्ड (क) र (ख) बमोजिमका कर्मचारी र शिक्षकहरु ।

(२) प्रमुख नाम दर्ता अधिकारीले सङ्कलनकर्ता खटाउँदा वा काममा लगाउँदा सकभर सहायक नाम दर्ता अधिकारीसँग समेत समन्वय गर्नु पर्नेछ ।

९. सुपरीवेक्षक नियुक्ति गर्ने : (१) प्रमुख नाम दर्ता अधिकारीले आयोगबाट अधिकार प्रत्यायोजन भए बमोजिम सहायक नामदर्ता अधिकारी र नाम संकलनकर्ताले गर्ने कार्यको सुपरीवेक्षण गर्न कार्यक्रम सञ्चालन अवधि भरका लागि प्रत्येक निर्वाचन क्षेत्रमा एक जना कम्तिमा ना.सु. स्तरका कर्मचारीलाई सुपरीवेक्षक नियुक्त गर्नेछ ।

(२) प्रमुख नाम दर्ता अधिकारीले सुपरीवेक्षक नियुक्त गर्दा जिल्ला निर्वाचन कार्यालयका कर्मचारीहरुले नपुग हुने भएमा मात्र अन्य सरकारी कार्यालयका कर्मचारीलाई काजमा ल्याई सुपरीवेक्षण कार्यमा लगाउनु पर्नेछ ।

१०. सुपरीवेक्षकको काम, कर्तव्य र अधिकार : सुपरीवेक्षकको काम, कर्तव्य देहाय बमोजिम हुनेछ :-

- सुपरीवेक्षकले आफू खटिएको निर्वाचन क्षेत्र अन्तर्गतका प्रत्येक गाउँ विकास समिति वा नगरपालिको वडामा गई सहायक नामदर्ता अधिकारी र संकलनकर्ताहरुलाई आयोगबाट भएको निर्देशन बमोजिम नामावली सङ्कलन तथा अद्यावधिक गरे वा नगरेको निरीक्षण र अनुगमन गर्ने र सहायक नाम दर्ता अधिकारी र सङ्कलनकर्ताले ऐन, नियम वा यस निर्देशिका बमोजिम कुनै काम गरेको नपाइएमा तत्काल निर्देशन दिई सो अनुसार गर्न लगाउने,

- सहायक नामदर्ता अधिकारी तथा सङ्कलनकर्ताले फारामहरु भर्दा प्रक्रिया पूरा गरी भरे नभरेको निरीक्षण गरी रीत पूर्वक गर्न लगाउने,

- आफूले गर्ने दैनिक कामको **लगबुक** राख्ने तथा प्रत्येक ३ दिनमा संक्षिप्त प्रतिवेदन र कार्यक्रम समाप्त भएपछि विस्तृत प्रतिवेदन प्रमुख नामदर्ता अधिकारी समक्ष पेश गर्ने,

- सहायक नामदर्ता अधिकारी र संकलनकर्ताले गरेको कामको सुपरीवेक्षण तथा अनुगमन गरी उत्कृष्ट काम गर्ने सहायक नामदर्ता अधिकारी वा संकलनकर्तालाई पुरस्कार तथा तोकिएको जिम्मेवारी पुरा नगर्ने वा लापरवाही साथ काम गर्नेहरुलाई विभागीय कारवाहीको लागि लेखी पठाउन प्रमुख नामदर्ता अधिकारीलाई सिफारिश गर्ने ।

- मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने सम्बन्धमा प्रमुख नामदर्ता अधिकारीले दिएको निर्देशनको पालना गर्ने ।

११. सहयोग समितिको बैठक गर्ने : (१) प्रमुख नामदर्ता अधिकारीले सहयोग समितिको बैठक आवश्यकता अनुसार आफ्नो कार्यालयमा बोलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बोलाइएको बैठकको अध्यक्षता उपस्थित राजनैनिक दलका प्रतिनिधिहरुमध्येवाट निजहरुले छानेको प्रतिनिधिले गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठकले गरेको निर्णय कार्यान्वयन गर्ने र निर्णय पुस्तिका राख्ने काम प्रमुख नाम दर्ता अधिकारीले गर्नेछ ।

(४) ऐन, नियमावली, यस निर्देशिकामा उल्लेख भएका काम कर्तव्यका अतिरिक्त जिल्ला स्तरीय सहयोग समितिले गाउँ विकास समिति तथा नगरस्तरमा समेत सहयोग समितिहरु गठन गरी सहायक नाम दर्ता अधिकारीलाई मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने काममा सहयोग पुऱ्याउने वातावरण बनाउन मद्दत पुऱ्याउनु पर्नेछ ।

१२. सर्वपक्षीय बैठक गर्ने : **प्रमुख नामदर्ता अधिकारीले सहयोग समितिका सदस्य तथा रहेका तथा जिल्लामा सक्रिय रहेका अन्य प्रमुख राजनैतिक दलका प्रतिनिधिहरु**, प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, जिल्ला शिक्षा अधिकारी, जिल्ला प्रहरी कार्यालयको प्रमुख, नगरपालिकाका कार्यकारी अधिकृत तथा आवश्यक देखिएका

नागरिक समाजका प्रतिनिधिहरुलाई आमन्त्रण गरी जिल्ला स्तरीय सर्वपक्षीय बैठक बोलाई मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने सम्बन्धी कार्यको उद्देश्य, कार्यविधि र कार्यक्रमको बारेमा अवगत गराउनुका साथै कार्यक्रम सफल पार्न आवश्यक सहयोग र सहभागिताको लागि अनुरोध गर्नु पर्नेछ ।

१३. सहायक नामदर्ता अधिकारीका लागि तालिम सञ्चालन गर्ने : (१) प्रमुख नाम दर्ता अधिकारीले जिल्ला सदरमुकाममा आयोगले तोकेको मिति र समयमा सहायक नाम दर्ता अधिकारी, जिल्ला निर्वाचन कार्यालयका कर्मचारी र सुपरीवेक्षकहरुका लागि दुई दिने तालिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । प्रमुख नाम दर्ता अधिकारीले त्यस्तो तालिम उद्घाटन समारोहमा देहायका पदाधिकारीहरुलाई आमनत्रण गर्नुपर्नेछ ।

- प्रमुख जिल्ला अधिकारी,
- स्थानीय विकास अधिकारी ,
- जिल्ला प्रहरी कार्यालयका प्रमुख,
- जिल्ला शिक्षा अधिकारी,
- सहायक प्रमुख जिल्ला अधिकारी,
- नगरपालिकाका कार्यकारी अधिकृत,
- **सहयोग समितिका सदस्य तथा जिल्लामा सक्रिय रहेका अन्य प्रमुख राजनैतिक दलका प्रतिनिधिहरु ।**

(२) तालिममा आवश्यकता अनुसार नामावली सङ्कलन तथा अद्यावधिक कार्यमा सहयोग लिनु पर्ने बढीमा तीन जनासम्म अन्य पदाधिकारीहरुलाई सहभागी गराउन सकिनेछ ।

(३) देहायको कार्यक्रम अनुसार तालिम संचालन गर्नु पर्नेछ :-

१४. <u>सामग्री तथा फाराम उपलब्ध गराउने</u> : (१) प्रमुख नाम दर्ता अधिकारीले मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रमको लागि देहायका सामग्री तथा फारामहरु सहायक नामदर्ता अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ :-

- मतदाता नामावली सम्बन्धी ऐन, नियमावली र निर्देशिका,
- नामावली सङ्कलन तथा अद्यावधिक सम्बन्धी कार्यक्रम, फारामहरु र अन्य आवश्यक कागजात,
- आयोगबाट प्राप्त मतदाता नामावलीको दुई प्रति ।

(२) प्रमुख नामदर्ता अधिकारीलेसंकलनकर्तालाई नामावली संकलन कार्यको निमित्त मसलन्दको लागि रु १००।- का साथै देहायको सामग्री रहेको झोला प्रत्येक सहायक नामदर्ता अधिकारी मार्फत दिनु पर्नेछ :-

- संकलनकर्ताको लागि हाते पुस्तिका
- आवश्यक अनुसूची फारामहरु
- कार्बन पेपरहरु
- स्ट्याम्प प्याड
- डट्पेन

१५. <u>कार्यक्रम टाँस गर्नु पर्ने</u> : (१) प्रमुख नाम दर्ता अधिकारीले आयोगले तोकेको मिति देखि संचालन हुने मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम आफ्नो कार्यालयमा नियमावलीको अनुसूची-१ को ढाँचामा टाँस गर्नु पर्नेछ । त्यसरी कार्यक्रम टाँस भए पछि मतदाता नामावली प्रकाशन गर्नु पर्नेछ ।

(२) प्रमुख नाम दर्ता अधिकारीले दफा (१) बमोजिम टाँस भएको कार्यक्रमको एक-एकप्रति **सहयोग समिति र जिल्लामा सक्रिय रहेका अन्य प्रमुख राजनैतिक** दलहरुलाई जानकारीका लागि उपलब्ध गराउनेछ र एक/एक प्रति जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिको कार्यालयको सूचना पाटीमा टाँस गर्न पठाउनु पर्नेछ ।

(३) प्रमुख नाम दर्ता अधिकारीले नियमावलीको अनुसूची-१ बमोजिमको कार्यक्रम आफ्नो गाउँ विकास समिति/नगरपालिकाको सम्बन्धित वडामा रहेका सार्वजनिक विद्यालय, क्लब तथा अन्य सार्वजनिक स्थानमा टाँस गर्न तथा सहयोग समितिका सदस्यहरुलाई सोको जानकारी दिन सहायक नामदर्ता अधिकारीलाई निर्देशन दिनेछ ।

(४) कार्यक्रम टाँस भए गरेको सूचनाको मुचुल्का नियमावलीको अनुसूची-२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

(५) प्रमुख नाम दर्ता अधिकारीले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यक्रम टाँस भएको व्यहोरा सम्भव भएसम्म स्थानीय सञ्चार माध्यमद्वारा प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ ।

**नामावली सङ्कलन तथा अद्यावधिक गर्ने सम्बन्धमा सहायक नामदर्ता अधिकारीलाई निर्देशन दिने विषयहरु :**

- स्थानीय पञ्जिकाधिकारी कार्यालयको अभिलेखको आधारमा समेत नाम हटाउन ।
- मतदाता नामावलीमा दोहोरो नाम हटाउन ।
- मतदान केन्द्र अनुसार टोल र घर नं.हरुको क्रम मिलाउन ।
- मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यमा त्रुटिहरु हुन नदिन ।
- नामावली सङ्कलन तथा अद्यावधिक कार्यको प्रगति प्रतिवेदन पठाउन ।

१६. सहायक नाम दर्ता अधिकारीलाई निर्देशन दिने : प्रमुख नाम दर्ता अधिकारीले सहायक नाम दर्ता अधिकारीलाई देहायका विषयमा आवश्यक निर्देशन दिनेछ :-

(क) **मतदाताको नाम हटाउने विषयमा** : देहायको अवस्थामा सहायक नामदर्ता अधिकारीलाई मतदाता नामावलीमा रहेको त्यस्तो मतदाताको नाम हटाउने :-

- मतदाता नामावलीमा नाम रहेको कुनै व्यक्तिको मृत्यु भएको भनी स्थानीय पंजिकाधिकारीको कार्यालयमा मृत्यू दर्ता गराएकोमा,
- स्थायी रुपमा बसाइ सराई गरी स्थानीय पंजिकाधिकारीको कार्यालयबाट प्रमाणपत्र लिई गएकोमा,

(ख) **मतदाता नामावलीमा नाम दोहोरो परेको निवेदन प्राप्त भएको विषयमा** : कुनै मतदाताको नाम सोही जिल्लाभित्रको अर्को कुनै गाउँ विकास समिति वा नगरपालिका वडाको मतदाता नामावलीमा दोहोरो परेको निवेदन प्राप्त भएमा सो निवेदन प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा पठाउने ।

(ग) **साविकमा पारिवारिक लगत लागू भएका ५ जिल्ला र काठमाडौं महानगरपालिकाको हकमा मतदानकेन्द्र अनुसार टोल र घर नं.हरुको क्रम मिलाउने विषयमा** :-

- गाउँ विकास समिति वा नगरपालिकाका कुनै वडामा साविक देखि नै एक भन्दा बढी मतदानकेन्द्र रहेछन् भने त्यस्तो मतदानकेन्द्रको लगत सहायक नामदर्ता अधिकारीलाई उपलब्ध गराई आवश्यकता अनुसार स्थलगत अवलोकन गरी मतदातालाई पायक पर्ने हिसावले मतदानकेन्द्र अनुसार छुट्याउन सक्ने गरी नामावली तयार गर्न लगाउने,
- कुनै गाउँ विकास समिति वा नगरपालिकाभित्रको साविकको टोललाई नयाँ नाम दिएको रहेछ भने सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकासँग सम्पर्क र समन्वय गरी टोलको नयाँ नाम नामावलीमा कायम गर्ने,

- एउटा मतदानकेन्द्र अन्तर्गत रहने एकटोलका मतदाताको क्रम सकिएपछि मात्र अर्को टोलको क्रम राख्न लगाउने,
- मतदाता नामावलीमा घर नं. हरुको क्रम नमिलेको भए मिलाउन लगाउने ।

(घ) <u>मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यमा त्रुटि हुन नदिने विषयमा</u> :-

- मतदाता नामावलीमा नाम लेखाउन उमेरको गणना गर्दा २०६३ मार्ग मसान्तसम्ममा १८ वर्ष उमेर पुगिसकेको हुनुपर्ने । (उदाहरणको लागि यस पटकको लागि २०४५ साल पुष १ गते वा सो भन्दा अघि जन्मेका व्यक्तिहरुको मात्र १८ वर्ष उमेर पूरा हुन्छ),
- अनुसूची फाराम भर्दा प्रत्येक महलमा सही विवरण अनिवार्य रुपमा भर्नुपर्ने, कुनै विवरण खाली नछाड्ने र गलत वा अपूर्ण भए सच्याउन लगाउने,
- मूल नामावलीमा भएका विवरणहरु जस्तो - जन्ममिति, माता वा पिता/पतिको नाम आदि महल खाली नराखी पूरा भर्न लगाउने, जन्ममिति भर्दा साल, महिना र गते तीनवटा विवरणलाई नै प्रष्टसंग लेख्ने ।
- एउटै घर परिवारका व्यक्तिको नाम एकै ठाउँमा राख्ने, अर्को घर परिवारको नाम मिसाएर नराख्ने र मिसिएको भए सच्याउन लगाउने,
- कुनै मतदाताको नाम एक भन्दा बढी वडामा लेखिएको भएमा एक स्थानमा मात्र राख्न लगाउने,
- नाम विवरण हटाइएमा वा सच्याइएमा मूल नामावलीमा नै काटी वा सच्याई, कैफियत खोली प्रमाणित गर्न लगाउने,
- मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यमा प्रयोग हुने सम्पूर्ण फारामहरुको प्रयोग उद्देश्य अनुरुप गर्न लगाउने,
- विगतमा केही सहायक नामदर्ता अधिकारीहरुले प्रकाशित गर्नुपर्ने सूचनाहरु यथा समयमा प्रकाशित गर्ने नगरेको, मुचुल्काहरु गराउने नगरेको, विनाकारण कसैको नाम समावेश नगरेको वा हटाउने गरेको गुनासाहरु पाइएको हुँदा त्यस्ता गल्तीहरु नदोर्‍याउन र ऐन, नियमावली एवं निर्देशन बमोजिमका प्रक्रियाहरु पूरा गर्ने ।

(ङ) <u>दोहोरो नाम हटाउन मतदाताले जानकारी दिएको सम्बन्धमा</u> :-

- कार्यक्रम अनुसार दोहोरो नाम हटाउन मतदाताले जानकारी दिएमा सम्वन्धित गाउँ विकास समिति वा नगरपालिका वडाभित्रै एकै मतदाताको नाम एक भन्दा वढी स्थानमा दर्ता रहेको भए

सहायक नाम दर्ता अधिकारी आफैले एक स्थानमा मात्र कायम राखी अन्य स्थानको नाम हटाउने,

- अन्य गाउँ विकास समिति वा नगरपालिको वडा वा अन्य जिल्लामा एकै व्यक्तिको नाम एक भन्दा वढी स्थानमा दर्ता भएको रहेछ भने यथाशिघ्र सुपरीवेक्षक मार्फत प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा पठाउने ।

(च) <u>अन्य विषय</u> :-

- दोहोरो नाम भएका मतदाताहरुको नाम उपर्युक्तानुसार हटाउँदा मतदाताले चाहेको एक ठाउँमा कायम राखी अन्य ठाउँको हटाउन लगाउने,
- नाम थपिएका, हटाइएका वा सच्याइएका मतदाताहरुको नाम र विवरण कार्यक्रममा निर्धारित मिति र समयमा सम्बन्धित गाउँ विकास समितिको कार्यालयमा वा नगरपालिकाको वडा कार्यालयमा प्रकाशित गर्न लगाउने,
- वडा कार्यालय नभएका नगरपालिकाका वडाका हकमा सम्बन्धित नगरपालिकाको कार्यालयमा प्रकाशन गर्न लगाउने,
- सहायक नामदर्ता अधिकारीले सही गर्नु पर्ने भनी तोकिएको ठाउँमा अनिवार्य रुपमा सही गरी प्रकाशन गर्न लगाउने ।

१७. <u>मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यको प्रगति प्रतिवेदन पठाउनु पर्ने</u> : प्रमुख नाम दर्ता अधिकारीले सुपरिवेक्षकहरुबाट प्रतिवेदन प्राप्त भएपछि सोको आधारमा जिल्लाको समष्टिगत विवरण सहितको प्रगति प्रतिवेदन आयोगले तोकेको समय भित्र आयोगमा अनिवार्य रुपमा पठाउनु पर्नेछ । तर नियमितरुपले आयोगमा प्रतिवेदन पठाउने विषयमा सुपरीवेक्षकको प्रतिवेदनको निमित्त पर्खनु पर्दैन ।

## परिच्छेद - ५
## मतदाता नामावली सङ्कलन तथा अद्यावधिक प्रक्रिया सम्पन्न भए पश्चात्का कार्यहरु

१८. <u>मतदाता नामावली बुझ्ने</u> : (१) प्रमुख नाम दर्ता अधिकारीले गाउ विकास समिति तथा नगरपालिकाको वडामा नामावली सङ्कलन तथा अद्यावधिक गर्ने सम्पूर्ण कार्यहरु समाप्त भएपछि आयोगले तोकेको मितिभित्र प्रमुख नाम दर्ता अधिकारीले अन्तिम मतदाता नामावली प्रकाशन गर्न भ्याउने गरी सहायक नाम दर्ता अधिकारीबाट मतदाता नामावली र सम्बन्धित अन्य कागजात

**नामावली सङ्कलन प्रक्रिया सम्पन्न भए पश्चात्का कार्यहरु :**

- सहायक नाम दर्ता अधिकारीबाट नामावली बुझ्ने ।
- प्राप्त भएका नामावलीको आधारमा कम्प्युटरमा वर्कटेवल तयार गर्ने ।
- वर्कटेवल तयार गर्दा नामहरु नछुटने र शुद्धता कायम गर्न विशेष ध्यान दिने ।
- वर्कटेवल रुजु गर्ने ।
- आयोगमा पठाउने ।

आफू समक्ष प्राप्त हुन सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) ऐन, नियम वा निर्देशिका बमोजिम मतदाता नामावली सङ्कलन वा अद्यावधिक गर्ने आवश्यक सबै प्रक्रियाहरु पूरा भए वा नभएको, पेश गर्नु पर्ने सम्पूर्ण कागजात संलग्न भए वा नभएको, मतदाता नामावली ठीक र दुरुस्त भए वा नभएको, गर्नु पर्ने सहीछाप गरे वा नगरेको वा कुनै त्रुटिहरु भए वा नभएको जाँची ठीक र दुरुस्त नभएमा दुरुस्त बनाउन लगाई मतदाता नामावली बुझ्नु पर्नेछ ।

१९. अन्तिम मतदाता नामावली प्रकाशन गर्दा विशेष रुपमा ध्यान दिनु पर्ने कुराहरु : प्रमुख नाम दर्ता अधिकारीले अन्तिम मतदाता नामावली प्रकाशन गर्दा विशेष रुपमा देहायका कुराहरुमा ध्यान दिनु पर्नेछ :

- सहायक नामदर्ता अधिकारीले प्रकाशनका लागि पठाएको मतदाता नामावलीको प्रत्येक पानामा सही गरी कार्यालयको छाप लगाएको हुनुपर्ने ।
- अन्तिम मतदाता नामावली तयार गर्दा प्रत्येक वडा र त्यस वडाभित्र कायम भएका मतदानकेन्द्र अनुसार मतदाताको संख्या छुट्याउन सजिलो हुने किसिमले मतदाता नामावली तयार भएको छ छैन, मतदानकेन्द्र रहेको स्थानको दूरी अनुसार टोलहरुको क्रम मिलेको छ छैन र सो टोलभित्र पर्ने घरहरुको क्रमबद्धता (नगरपालिकाको घर नं. र नामावलीको घर नं. को क्रम) मिलेको छ छैन भन्ने वारेमा विशेष ध्यान पुऱ्याई सो अनुसार नभएको भए मिलाउनु पर्ने,
- मतदाता नामावलीको टोल (मार्ग) मिलाउँदा टोलहरु तलमाथि नपर्ने, नदोहोरिने र घर नं., प.सं.(परिवार संख्या) र प.क्र.सं. (परिवार क्रमसंख्या) को क्रमबद्धता पनि नछुट्ने र नदोहोरिने गरी मिलाई मतदाता नामावली तयार गर्ने,
- अन्तिम मतदाता नामावली २ प्रति तयार गर्ने र एक प्रति आफ्नो कार्यालयमा आयोगले तोकेको मितिमा प्रकाशित गर्ने,
- अन्तिम मतदाता नामावली प्रकाशन गरेको जानकारी सहयोग समितिमा रहेका र जिल्लामा सक्रिय रहेका अन्य राजनैतिक दलका प्रतिनिधिलाई उपलब्ध गराउने,
- कम्प्युटर प्रशोधन गर्ने व्यवस्था नभएका जिल्ला निर्वाचन कार्यालयहरुले अन्तिम मतदाता नामावली प्रकाशन गरेपछि सो नामावली तुरुन्तै छिटो साधनद्वारा आयोगमा पठाउनु पर्ने ।

२०. मतदाता नामावली प्रशोधन गर्दा ध्यान दिनु पर्ने कुराहरु : प्रमुख नाम दर्ता अधिकारीले मतदाता नामावली प्रशोधन गर्दा देहायका विषयमा विशेष ध्यान दिनु पर्नेछ :

- मतदाता नामावली कम्प्युटर प्रशोधन गर्ने व्यवस्था भएका प्रमुख नाम दर्ता अधिकारीको कार्यालयहरुले प्रशोधनको क्रममा मतदाता नामावलीमा भएको प्रत्येक नाम तथा विवरणहरुलाई विस्तृत रुपले हेरी कुनै नाम विवरणका अक्षरहरुमा लेखाइ वा टाइप गल्तीका कारणले सामान्य वर्णगत (ह्रस्व, दीर्घ, आकार, उकार, ईकार, रेफ आदि) त्रुटि रहेको पाइएमा आधारभूत कुराहरुमा असर नपर्ने गरी सच्याई नामावली तयार गर्ने,

- मतदाताहरुको ठेगानामा टोलहरु नदोहोरिने गरी तथा एउटा घर परिवारका मतदाताहरु एउटै घर परिवारमा रहने गरी तथा एउटा घर परिवारमा अर्को घर परिवारका मतदाताहरु नमिसिने गरी मतदाता नामावली तयार गर्ने ।

२१. <u>तथ्याङ्क विवरण आयोगमा पठाउने</u> : प्रमुख नाम दर्ता अधिकारीले अन्तिम मतदाता नामावली प्रकाशित गरेपछि थप भएका, हटेका र सच्याइएका नाम विवरणको संख्या खुल्ने गरी आफ्नो जिल्लाको प्रत्येक गाउँ विकास समिति वा नगरपालिकाको वडा अनुसार देखिने गरी तोकिएका फाराम अनुसारको तथ्याङ्क विवरण आयोगमा पठाउनु पर्नेछ ।

## परिच्छेद-६

## कार्यक्रम कार्यान्वयन समन्वय समितिको व्यवस्था

२२. <u>मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम कार्यान्वयन समन्वय समितिको गठन</u> : (१) जिल्लाभित्र मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम कार्यान्वयन एवं सञ्चालन गर्ने गराउने कार्यमा आवश्यक सहयोग, समन्वय र रेखदेख गर्न गराउन तथा सो सम्बन्धी आवश्यक व्यवस्था मिलाउनका लागि देहाय बमोजिमको एक जिल्ला स्तरीय मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम कार्यान्वयन समन्वय समिति गठन गर्ने :

- प्रमुख जिल्ला अधिकारी - अध्यक्ष
- स्थानीय विकास अधिकारी - सदस्य
- जिल्ला प्रहरी कार्यालयका प्रमुख - सदस्य
- जिल्ला शिक्षा अधिकारी - सदस्य
- नगरपालिकाको कार्यकारी अधिकृत - सदस्य
- प्रमुख नामदर्ता अधिकारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यमा सहयोग लिनु पर्ने आवश्यकता अनुसार बढीमा ३ जनासम्म अन्य पदाधिकारीहरु लाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बढीमा ५ वटासम्म बस्नेछ ।

२३. मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम कार्यान्वयन समन्वय समितिको काम, कर्तव्य र अधिकार : मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम कार्यान्वयन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

- कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि कर्मचारीहरुको व्यवस्था मिलाउन प्रमुख नामदर्ता अधिकारीलाई सहयोग गर्ने,
- गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा सञ्चालित कार्यक्रममा राजनीतिक दलहरु, मतदाता र नागरिक समाजको सहयोग र सहभागिता जुटाउने,
- कार्यक्रमको प्रचार प्रसारको व्यवस्था मिलाउने,
- कार्यक्रमको रेखदेख, सुपरीवेक्षण, समन्वय, प्रगतिको समीक्षा तथा मूल्याङ्कन गर्ने,
- कार्यक्रम सुचारु रुपले सञ्चालन गर्न आवश्यक सहयोग पुऱ्याउने,
- कार्यक्रम कार्यान्वयनका क्रममा कुनै समस्या देखिएमा समाधान गर्ने ।

## परिच्छेद -७

## अस्थायी मतदाता नामावली सङ्कलन सम्बन्धी व्यवस्था

२४. अस्थायी मतदाता नामावली सम्बन्धी : अस्थायी मतदाता नामावली सङ्कलन गर्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारीले निम्न कार्य गर्नु पर्नेछ :-

- जिल्ला सदरमुकाम स्थित सरकारी कार्यालय, स्थानीय निकाय वा नेपाल सरकारको स्वामित्व रहेका संस्थाको नाम ठेगानाको विवरण तयार गर्ने ।
- यसरी तयार गरिएका कार्यालय, निकाय वा संस्थामा कार्यरत कर्मचारीहरु मध्ये कार्यालय रहेकै गाउँ विकास समिति वा नगरपालिकाको मतदाता नामावलीमा स्थायी वसोवासको आधारमा नाम समावेश नभएका कर्मचारीहरुको नाम विवरण नियमावलीको अनुसूची-१४ बमोजिमको ढाँचामा (कार्यक्रममा उल्लिखित समयभित्र) पठाउन अनुरोध गर्ने ।
- सैनिक वा प्रहरी ब्यारेकमा रहेका व्यक्ति वा अस्थायी शिविर (क्यान्टनमेन्ट) मा रहेका माओवादी सेनाका लडाकुहरु, कारागारमा रहेका कैदी, थुनुवा मध्ये मतदाता हुन योग्यता पुगेकाहरुको नाम विवरण सम्वन्धित व्यारेक वा अस्थायी शिविर व्यवस्थापन गर्ने अधिकारी, कारागारका प्रमुखले प्रमाणित गरी नियमावलीको अनुसूची-१४ बमोजिमको ढाँचामा कार्यक्रममा उल्लिखित समयभित्र पठाउन अनुरोध गर्ने ।

- प्राप्त विवरणको आधारमा नियमावलीको अनुसूची-१५ बमोजिमको ढाँचामा अस्थायी मतदाताको नामावली तयार गरी कार्यक्रममा उल्लेख गरिएको समयमा प्रकाशित गर्ने ।

- अस्थायी मतदाताहरुको हकमा पनि छुट नाम समावेश गर्ने, त्रुटि सच्याउने, नाम हटाउने लगायत दावी विरोधका ऐन, नियमावलीले निर्धारण गरेका प्रकृयाहरु पूरा गरी अन्तिम अस्थायी मतदाता नामावली तयार गरी प्रकाशन गर्नु पर्ने ।

- अन्तिम अस्थायी मतदाता नामावलीको १ प्रति आयोगमा पठाउने ।

## परिच्छेद - ८

## आर्थिक व्यवस्था

२५. आर्थिक सुविधा : मतदाता नामावली सङ्कलन तथा अद्यावधिक सम्बन्धी कार्य सञ्चालनका लागि देहाय अनुसारको व्यवस्था गरिएकोले प्रमुख नाम दर्ता अधिकारीले सोही अनुसार कार्यान्वयन गर्नु, गराउनु पर्नेछ ।

(क) जिल्ला निर्वाचन कार्यालयका कर्मचारीलाई मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्यमा संलग्न गराई सो वापत कार्यक्रम अवधिभरका लागि प्रोत्साहन स्वरुप निम्न अनुसारको एकमुष्ट रकम दिने :-

| | |
|---|---|
| प्रमुख नामदर्ता अधिकारी | रु. ७२५०/- |
| ना.सु., ले.पा. र कम्प्यूटर अपरेटर | रु. ४२५०/- |
| पियन | रु. ३५००/- |

(ख) सुपरीवेक्षण कार्यमा खटिने सुपरिवेक्षकलाई दैनिक तथा भ्र.भ. एवं यातायात साधन खर्च बापत एकमुष्ट रुपमा रु. ४७५०/- दिने । सुपरीवेक्षण कार्य कार्यक्रम अवधिभरका लागि मात्र गर्ने व्यवस्था मिलाउने ।
तर सुपरीवेक्षकहरुले स्थलगत निरीक्षण गर्न नगएको भएमा र आफूले गरेको कार्यको बारेमा प्रतिवेदन नदिएसम्म निजलाई त्यस्तो रकम नदिने ।

(ग) सहायक नामदर्ता अधिकारीलाई कार्यक्रम अवधिभर एकमुष्ट रु. ४७५०।- दिने ।

(घ) प्रमुख नाम दर्ता अधिकारीले सहायक नाम दर्ता अधिकारीलाई निज कार्यरत नगरपालिका वा गाउँ विकास समितिको क्षेत्र वाहिर काजमा खटाएको अवस्थामा कार्यरत स्थानबाट खटिएको स्थानमा जाँदा आउदा प्रचलित आर्थिक नियम अनुसार यातायात खर्च र होटल वासखर्च समेत दिने ।

(ङ) मसलन्द खर्च वापत सहायक नामदर्ता अधिकारीको कार्यालयका लागि एकमुष्ट रु. ३००/-(तीन सय) र मतदाता नामावली सङ्कलककर्तालाई रु.१००/- (एक सय) दिने ।

(च) नाम सङ्कलनकर्तालाई कार्यक्रम अवधिभर एकमुष्ट रु. ४०००।- (चार हजार) दिने ।

(छ) मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम कार्यान्वयन एवं समन्वय समिति, जिल्लास्तरीय सर्वपक्षीय बैठक र जिल्लास्तरीय सहयोग समितिका सदस्यका लागि प्रति बैठक रु. ३००/- का दरले बैठक भत्ता दिने ।

(ज) कार्यक्रम अवधिभर सहयोग समिति, सर्वपक्षीय समितिको बढीमा ३/३ वटा बैठक र मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम कार्यान्वयन एवं समन्वय समितिको बढीमा ५ वटा बैठकका लागि खण्ड (छ) बमोजिमको बैठक भत्ता उपलब्ध गराउने ।

(झ) कुनै सहायक नामदर्ता अधिकारी आफ्नो क्षेत्रमा नगएको वा जानी जानी आफूले गर्नुपर्ने कुनै कार्य नगरेको पाइएमा निजलाई प्रोत्साहन भत्ता भुक्तानी नदिने ।

२६. अन्य कुराका सम्बन्धमा : प्रमुख नाम दर्ता अधिकारीले यस निर्देशिकामा लेखे बाहेक अन्य कुराका सम्बन्धमा ऐन, नियम एवं आयोगबाट समय समयमा भएका निर्देशनहरुमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ ।

साथै कुनै कुराहरुमा द्विविधा परेमा आयोगको टेलिफोन नं. ४२२२४७५, ४२२००५७, ४२३०६२७ (मतदाता नामावली शाखा) ४२२८६६३ (एक्सचेन्ज) मा सम्पर्क गरी प्राप्त निर्देशन बमोजिम गर्ने गराउने ।

# अनुसूची फाराम र यसको प्रयोग

| अनुसूची नं | विषय | प्रयोग गर्ने कार्यालय/पदाधिकारी |
|---|---|---|
| १ | मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम टाँस गरिएको सूचना | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| २. | मुचुल्का फाराम | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| ३. | मतदाता नामावलीमा नाम समावेश गर्ने विवरण संकलन/दरखास्त फाराम | सहायक नामदर्ता अधिकारीको कार्यालय |
| ४. | मतदाता नामावलीवाट नाम हटाउने विवरण सकंलन /सूचना फाराम | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| ५. | मतदाता नामावलीमा त्रुटि सच्याउने विवरण संकलन/दरखास्त फाराम | सहायक नामदर्ता अधिकारीको कार्यालय |
| ६. | दोहोरो नाम हटाउने सम्वन्धी निवेदन | निर्वाचन/प्रमुख/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| ७. | अद्यावधिक/संशोधित/अन्तिम मतदाता नामावली फाराम | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| ८. | अद्यावधिक मतदाता नामावली/संशोधित मतदाता नामावली /अन्तिम मतदाता नामावली प्रकाशित गरिएको सूचना | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| ९. | मतदाताको दावी विरोधको दरखास्त फाराम | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| १०. | मतदातालाई भनाई पेश गर्न आउने सूचना | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| ११. | मतदाता नामावलीवाट नाम हटाउन गरिएको निर्णय | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| १२. | मतदाता नामावलीबाट नाम हटाइएको सूचना | *प्रमुख*/सहायक नामदर्ता अधिकारीको कार्यालय |
| १३. | अन्तिम मतदाता नामावली प्रकाशित भएपछि नागरिकता प्राप्त गरेकाहरुले मतदाता नामावलीमा नाम समावेश गर्न दिने निवेदन | प्रमुख नामदर्ता अधिकारीको कार्यालय |
| १४. | अस्थायी मतदाताको विवरण सङ्कलन गर्ने दरखास्त फाराम | प्रमुख नामदर्ता अधिकारीको कार्यालय |
| १५. | अस्थायी मतदाता नामावली/संशोधित अस्थायी मतदाता नामावली/अन्तिम अस्थायी मतदाता नामावली | प्रमुख नामदर्ता अधिकारीको कार्यालय |
| १६. | अस्थायी मतदाता नामावलीमा छुट नाम समावेश गर्न / मतदाताको दावी विरोध गरी दिएको दरखास्त फाराम | प्रमुख नामदर्ता अधिकारीको कार्यालय |
| १७. | अस्थायी मतदातालाई भनाई पेश गर्न आउने सूचना | प्रमुख नामदर्ता अधिकारीको कार्यालय |
| १८. | अस्थायी मतदाता नामावलीवाट नाम हटाउन गरिएको निर्णयको सूचना | प्रमुख नामदर्ता अधिकारीको कार्यालय |
| १९. | दर्ता किताव (मतदाता नामावली संकलन/अद्यावधिक सम्बन्धी सवै चिठी पत्रहरु र संकलित फारामहरु (एकमुष्ठ) रुपमा दर्ता गर्न) | प्रमुख / सहायक नामदर्ता अधिकारीको कार्यालय |
| २०. | चलानी किताव (मतदाता नामावली संकलन/अद्यावधिक सम्बन्धी सवै चिठी पत्रहरु चलानी गर्न ) | प्रमुख / सहायक नामदर्ता अधिकारीको कार्यालय |